# भाग ५

## नेपाल सरकार

## भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको

## सूचना

नेपाल सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सरकारी, सार्वजनिक र गुठी जग्गा संरक्षण सम्बन्धी जाँचबुझ आयोग गठन गरेकोले सोही दफाको उपदफा (३) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. <u>जाँचबुझ आयोगको गठन</u> : (१) सरकारी, सार्वजनिक र गुठी जग्गा संरक्षण सम्बन्धी जाँचबुझ आयोग गठन देहाय बमोजिम हुनेछ :-

(क) श्री मोहनरमण भट्टराई (झापा) - अध्यक्ष

(ख) श्री जानकी वल्लभ अधिकारी (संखुवासभा) - सदस्य

(ग) श्री दुर्गा कुमारी दाहाल (महोत्तरी) - सदस्य

(घ) श्री जगत बहादुर देउजा (सिन्धुपाल्चोक) - सदस्य

(२) आयोगको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) आयोगको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) आयोगको बैठक सम्बन्धी कार्यविधि आयोग आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।





(५) उल्लिखित जाँचबुझ आयोगको सचिवको कार्य भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको सहसचिवले गर्नेछ ।

२. <u>जाँचबुझ आयोगको कार्यादेश</u> : आयोगको कार्यादेश देहाय बमोजिम हुनेछ :-

(क) सरकारले प्रचलित कानून बमोजिम सार्वजनिक हितका लागि समय समयमा अधिग्रहण गरेका जग्गाहरू देशभर हिनामिना भएको हुन सक्ने हुँदा त्यस्ता दुषित कार्यहरूको सत्य तथ्य पत्ता लगाई कारबाहीका लागि सिफारिस गर्ने,

(ख) भूमि व्यवस्थापनको क्षेत्रमा गर्नु पर्ने थप नीति, कानून, प्रक्रिया, प्रविधि र संस्थागत सुधारका लागि सुझाव सहितको सिफारिस गर्ने,

(ग) सरकारी, सार्वजनिक जग्गाको संरक्षण सम्बन्धमा विगतका आयोगका सुझाव तथा सिफारिसहरु कार्यान्वयन हुन नसक्नुका कारणहरु पहिचान गरी कार्यान्वयनका लागि सिफारिस गर्ने,

(घ) सरकारी, सार्वजनिक गुठी सरकारद्वारा जफत तथा अधिग्रहण गरिएका जग्गा हिनामिना गर्ने कार्यमा संलग्न व्यक्ति, पदाधिकारी वा संस्थालाई के कस्तो कारबाही गर्नु पर्ने हो सोको सिफारिस गर्ने,

(ङ) देशभरका सार्वजनिक गुठीको जग्गा हिनामिना भएका छन् छैनन् सत्य तथ्य पत्ता लगाई आवश्यक कारबाहीको लागि सिफारिस गर्ने,

(च) सार्वजनिक महत्वका सरकारी कागजातहरूको के कसरी सुरक्षित राख्न र संरक्षण गर्न सकिन्छ सो सम्बन्धमा सुझाव दिने ।

३. <u>आयोगको कार्यविधि</u> : आयोगको कार्यविधि देहाय बमोजिम हुनेछ :-

(क) आफ्नो कार्यक्षेत्रभित्रका विषयमा सर्वसाधारण तथा सम्बन्धित निकाय एवं जानकारसँग आवश्यक सूचना एवं जानकारी माग गरी सार्वजनिक सूचना प्रकाशन गर्ने,

(ख) कार्यक्षेत्र अन्तर्गत पर्ने विषयसँग सम्बन्धित कार्यालय, निकाय र व्यक्तिबाट आवश्यक जानकारी, विवरण र कागजात माग गर्ने,

(ग) प्राप्त हुन आएका सूचना, जानकारी, विवरण एवं कागजातहरूको अध्ययन विश्लेषण गर्ने,

(घ) आवश्यकता अनुसार स्थलगत अध्ययन एवं निरीक्षण गरी यथार्थता यकिन गर्ने,

(ङ) आवश्यकता अनुसार कुनै पदाधिकारी, व्यक्ति विशेषज्ञ एवं सम्बन्धितसँग सोधपुछ एवं छलफल गरी यथार्थ बुझ्ने ।

४. आयोगको कार्यालय काठमाडौंमा रहनेछ ।

५. आयोगको कार्यक्षेत्र नेपाल राज्यभर हुनेछ ।

६. आयोगलाई आवश्यक पर्ने जनशक्ति भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले बहालवाला कर्मचारी मध्येबाट काजमा उपलब्ध गराउनेछ ।





७. आयोगका पदाधिकारी र कर्मचारीहरूको पारिश्रमिक तथा भत्ता देहाय बमोजिम हुनेछः-

(क) नेपाल सरकारबाट नियुक्त पदाधिकारी मध्ये अध्यक्षको हकमा उच्च अदालतको मुख्य न्यायाधीश सरह र विज्ञ सदस्यका हकमा राजपत्राङ्कित प्रथम श्रेणी सरहको पारिश्रमिक उपलब्ध गराउने,

(ख) आयोगमा कार्यरत सचिव तथा अन्य कर्मचारीको हकमा सोही पदको सुरु तलबमानको पचास प्रतिशत अतिरिक्त प्रोत्साहन भत्ता उपलब्ध गराउने,

(ग) आयोगका अध्यक्ष र सदस्यलाई सवारी साधन र इन्धन बापत प्रतिव्यक्ति मासिक एकमुष्ट चालीस हजार रुपैयाँ मात्र उपलब्ध गराउने,

(घ) आयोगको बैठकमा आमन्त्रित गरिएका बढीमा तीन जना विज्ञलाई मात्र तोकिए बमोजिम बैठक भत्ता उपलब्ध गराउने,

(ङ) आयोगमा कार्यरत सचिव तथा अन्य कर्मचारीलाई स्थलगत अध्ययन भ्रमणमा जाँदा प्रचलित कानून बमोजिमको दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराउने,

(च) नेपाल सरकारबाट नियुक्त पदाधिकारीहरुले स्थलगत भ्रमण गर्दा नियमानुसारको दैनिक तथा भ्रमण भत्ता मात्र उपलब्ध गराउने ।

८. आयोगको कार्य अवधि कार्य प्रारम्भ भएको मितिले छ महिनाको हुनेछ ।आयोगले सो कार्य अवधिभित्र नेपाल

सरकार समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ र कुनै क्षेत्रको कार्य सम्पन्न हुनासाथ सोको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

९. आयोगलाई आवश्यक पर्ने बजेट अर्थ मन्त्रालयले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय मार्फत उपलब्ध गराउनेछ ।

१०. आयोगलाई सुरक्षा निकाय र अन्य सम्बन्धित निकायले आवश्यक सहयोग गर्नु पर्नेछ ।

आज्ञाले,
गोपीनाथ मैनाली
नेपाल सरकारको सचिव